*[संवत् २०४३ सालको 'मदन पुरस्कार' 'लिच्छवी संवत्को निर्णय' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री नयराज पन्तलाई समर्पण गर्न संवत् २०४४ साल आश्विन १० गते रोज ७ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क ११२ बाट उद्धृत गरिएको हो।]*

अध्यक्षज्यू र बन्धुगण!

प्राज्ञ नयराज पन्तलाई २०२८ सालमा गुठीको मुखपत्र त्रैमासिक 'नेपाली'ले 'हाम्रो शिवि' भनेर सम्पादकीय लेखेको रहेछ। त्यो यहाँ पढ्ने अनुमति चाहन्छु। ('नेपाली' पूर्णाङ्क ४७) "हाम्रा शिवि" यस अङ्कमा हामीले एक जना यस्ता व्यक्तिको बारेमा चर्चा गरेका छौं। जसलाई चिन्न त पर्थ्यो प्रत्येक नेपाली बुद्धिजीवीले। तर साँच्चै चिनेका छन् सारै थोरैले मात्र।

पण्डित् नयराज नेपालीका विभूति हुन्। तर उनको गुणको पारख नेपालीले गर्न सकेको छैन। उनको वाह्य अवयवबाट अप्रभावित भएर; उनको लोकाचार-रहित व्यवहारबाट असन्तुष्ट भएर; उनको विद्वत्ताको अगाडिको तेजहीन भएर हामीले उनको उपेक्षा गरेका छौं। तर उनको गुदीको हामीले कदर गरेका छैनौं।

पण्डित् नयराज ज्ञानका सागर हुन्। त्यस ज्ञान-सागरबाट निस्केका मोतीहरू टिप्ने मान्छे त छन् तर आफै डुबुल्की मारेर मोती खोज्न कोही तम्सँदैनन्। विद्याको भण्डार छ उनीसँग। त्यस भण्डारबाट नेपालको ढुकुटी भरिन सक्छ तर त्यहाँबाट यहाँ ओसार्ने मान्छे पाइँदैनन्।

नयराज कलियुगका शिवि हुन्। उनी आफ्नो सम्पत्ति सिध्याएर नेपाली इतिहासको क्षुधा शान्त गराउँदै छन्। प्राचीन युगका शिविको परीक्षा पूरा भएपछि उनले मोक्षलाभ गरेथे तर यिनको चाहिँ परीक्षा कैल्यै पूरा हुँदैन कि क्या! यिनी स्वर्गलाभ गर्दैनन्, यिनी मोक्ष पाउँदैनन्। यस्ता छन् हाम्रा आधुनिक शिवि!

नयराजले नेपालमा नयाँ परम्परा चलाए, कि भनूँ नयराजले नेपालमा पुरानो परम्परा उजिल्याउन खोजे– धेरै पुरानो ऋषि कुलको परम्परा। तर त्यो परम्पराले कति राम्रो फल फलायो त्यो हेरिएन। उनको परम्परा त्यसै कठ्याँग्रियो। उनले प्रोत्साहन पाएनन्। इतिहासको कत्रो विडम्बना !

अब पनि हामीले नयराजलाई चिन्ने बेला भएन ?

आज सोह्र वर्षपछि पनि 'नेपाली'ले टक्र्याएको त्यो उपाधि त्यत्तिकै ठाउँमा परेको बोध हुन्छ। आफ्नो सर्वस्व भाषा-भवानीको सेवामा समर्पण गर्ने, निरन्तर सेवा गर्ने अर्को व्यक्तित्व नेपाली संसारमा अझ देखापरेको छैन। कालिदासलाई कसैले भनेको जस्तो– 'अनामिका सार्थवतीवभूव:' भएको छ। साहिँली औंलामा अर्को नामै छैन गन्ने !

हाम्रा ती शिविलाई आज हामी वृहस्पतिका रूपमा यहाँ पुज्दै छौं। हाम्रा वृहस्पतिको यसरी अर्चना गर्न पाएकोमा हामी अत्यन्त आनन्दित छौं। माननीय राजेश्वरजीले भन्नुभए जस्तै यसरी नयराज पन्तलाई सम्मानित गर्न पाउँदा यो गुठी नै सम्मानित भएको छ। 'मदन पुरस्कार'को ओज बढेको हामीलाई पनि अनुभव भैरहेको छ।

सबै कुरालाई चाँजो मिल्न पर्दो रहेछ। यो सम्मान गर्ने र सम्मानित हुने कुरालाई पनि त्यस्तै चाँजो मिल्नुपर्ने थियो। यसपालि त्यो मिल्यो र हामीले यो सुअवसर पायौं। 'मदन पुरस्कार'मा हाम्रो आफ्नो परिपाटी छ, परम्परा छ। चाहँदैमा हामी कसैको सम्मान गर्न सक्तैनौं, पुरस्कृत गर्न सक्तैनौं, हामीले जतिसुकै मानेको व्यक्ति भए पनि, नेपाली भाषा र साहित्यको मानिँदा हस्ती भए पनि हामी पुरष्कृत गर्न सक्तैनौं त्यसै। किनभने 'मदन पुरस्कार' त्यस वर्ष प्रकाशित ग्रन्थलाई दिइन्छ, त्यस ग्रन्थका लागि त्यसका लेखकलाई। त्यसैले 'मदन पुरस्कार' प्रदान गर्नलाई त्यसै वर्ष कुनै ग्रन्थ लेखेकै हुनुपर्‍यो। आजीवन सेवा गरेको भनेर हामी पुरस्कार दिन सक्तैनौं। किताप मात्र भएर पनि पुगेन। हामीले त्यो थाहा पाउनुपर्‍यो– हामीलाई त्यो ग्रन्थ प्राप्त हुनुपर्‍यो। त्यसपछि त्यो ग्रन्थ आफ्नो क्षेत्र या विधामा त्यस वर्ष प्रकाशित सकल ग्रन्थहरूमा श्रेष्ठ त हुनै पर्‍यो, त्यसबाहेक अरू विधाका त्यस्तै श्रेष्ठ भएका ग्रन्थभन्दा पनि नेपाली भाषा वाङ्मयमा कुनै महत्त्वपूर्ण योगदान दिने खालको हुनु पर्‍यो। यति कुरा मिलेपछि बल्ल 'मदन पुरस्कार' प्रदान गर्न सकिन्छ। यस वर्ष त्यो सबै मिल्न गयो र हामीले हाम्रा श्रद्धापात्र नयराज पन्तजीलाई यसरी पूजार्चना गर्न पायौं।

माननीय राजेश्वरज्यूले भन्नुभए जस्तो हामीले खोज्दै गएर पुरस्कार विद्वान्हरूको घरदैलैमा पुऱ्याइदिन सके राम्रो हुन्थ्यो, तर के गर्ने ? गुठीको आफ्नो आँखा छैन। त्यसैले कसैले डोऱ्याएर विद्वान्हरूका घर दैला देखाइदिनुपर्छ, यसलाई नत्र एउटाका दैलोमा पुऱ्याउँछु भन्ठानेको पुरस्कार अर्कैको दैलामा छाडी आइने डर रहन्छ !

लौ त। धन्यवादका ठाउँमा यतिका कुरा गर्न मिल्दैनथ्यो। तर गरिहालियो। अब सबैलाई बोल्ने-बोलाउने, सुन्ने-सुनाउने, सबैलाई यथायोग्य धन्यवाद भनी म टुंगिन्छु।

⊠ ⊠ ⊠